परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १६९ पृष्ठ ४ २०८० मंसिर २४ गते, आइतबार 10 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ३ मा

## विवाहका लागि वडाको सिफारिस अनिवार्य गर्न माग

## मधेशकी छोरीकी लागि साहसिककी प्रतिक क्रिकेटर पूजा महतो

● धनवीर महतो



गौशाला । मधेसका छोरीहरूले आमाबुवाको प्रत्यक्ष निगरानीमा रहेर कामकाज गरिरहेका हुन्छन्। उनीहरूलाई निर्वाध रुपमा बाहिर घुमफिर गर्न घरपरिवारले अनुमति दिँदैन। मधेसको यस्तो अवस्थालाई चिर्दै महोत्तरीकी पूजा महतो राष्ट्रिय क्रिकेट खेलाडी बन्न सफल भएकी छन्। उनी छोटो समयमै चर्चा कमाउन सफल खेलाडी हुन्। क्रिकेट खेल्नकै लागि उनले विभिन्न देशको भ्रमण गरिसकेकी छन्। गौशाला नगरपालिका-९ डुवरबन्नाकी १७ वर्षीया पूजा नेपाली क्रिकेट टोलीकी चर्चित अलराउन्डर हुन् । बाल्यकालमै भारतको नयाँदिल्ली बसाइँका क्रममा आफूले क्रिकेट सिक्ने मौका पाएको पूजा बताउँछिन् । आर्थिक रुपमा विपन्न उनको परिवार लामो समयदेखि भारतमा बस्दै आएको थियो । पूजा बुवाको इच्छामा क्रिकेट खेलाडी बनेको बताउँछिन् । 'म जन्मिँदा समाजले मेरो आमाबुवालाई नानाथरिका दुःख दिएका थिएल । छोरीले केही गर्न सक्दैनन् भन्दै उपहास गर्थे । बुवाले भारतको नयाँ दिल्लीमा मजदुरी गरेर मलाई पालनपोषण गर्नुभयो। मेरो शिक्षादिक्षामा कुनै किसिमको कमी हुन दिनु भएन',

बाँकी पृष्ठ ३ मा

प्रो. सुरेश चौधरी
मो. ९८५११०५५१५, ९८०६८००५१५
श्री गणेश ईन्जिनियरिङ्ग ममर्त केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

आरतीको माइती पक्षको अडान :

# अदालतले आंशिक न्याय दियो, हाम्रो चित्त बुझाइ छैन





● टक नेपाल

काठमाडौं । जनकपुरधामकी आरती साहको न्यायका लागि माइती परिवारको चिसो सडकमा दिनरात काटेको झण्डै आधा वर्ष भयो । साउनको झरी भनेनन्, दशैंतिहार-छठ भनेनन्, काठमाडौंको माइतीघरमा निरन्तर धर्ना दिए । कयौं पटक प्रहरीको लाठी खाए, वार्ताको नाममा घर फर्काउने अनेक प्रपञ्च झेले । न्याय माग्दै धर्नामा बसेको १७४ औं दिन बुधबार सर्वोच्च अदालतले आरतीका श्रीमान् मोतीबाबु साहलाई पुर्पक्षका थुनामा पठाउने आदेश दियो र ससुरालाई १ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दियो । यसमा उनको परिवारले चित्त बुझाएको छैन । तर न्याय मिल्छ कि भन्ने आशा भने जागेको छ। माइतीघरमा धर्ना बस्न सरकारले निषेध गरेपछि हाल शान्तिवाटिकामा धर्नारत आरतीका भाइ प्रेम भन्छन्, 'अदालतले आंशिक न्याय दिएको छ, तर यसमा हाम्रो चित्त बुझाइ छैन । हाम्रो लडाईँ अझै जारी छ ।' दाइजोको निहुँमा ८ जेठमा आरतीको हत्या भएको भन्दै माइती परिवारले सासुससुरा र देवरविरुद्ध किटानी जाहेरी दिन खोज्दा प्रहरीले दर्ता गर्न मानेको थिएन । काठमाडौं आएर विभिन्न निकायमा निवेदन दिएपछि प्रहरीले आरतीका श्रीमान मोतीबाबु र ससुरा मदनमोहनविरुद्ध जाहेरी दर्ता गरी पक्राउ गरेको थियो । तर निष्पक्ष अनुसन्धान नभएको भन्दै आरतीका बुबा विनोद प्रसाद, आमा निर्मलादेवी, भाइ प्रेम, बहिनी मनिषा र मामा सन्तोष साहसहित आरतीको माइती पक्ष न्याय माग्दै काठमाडौं आए । १ असारदेखि माइतीघर मण्डलमा शान्तिपूर्ण धर्नामा बसे । उनीहरु धर्नामा रहेका बेला ५ असारमा जिल्ला अदालत, धनुषाले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पनि पठाएको थियो । जिल्लाको आदेशप्रति सन्तुष्ट नभएर माइती परिवारले धर्ना भइरहेका बेला १८ भदौ मा उच्च अदालत, जनकपुरले आरतीका श्रीमान र ससुरा दुबैलाई साधारण तारेखमा छाड्यो ।

बाँकी पृष्ठ २ मा







परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# एनसेलले तातेको राजनीति

नेपालमा निजी क्षेत्रबाट संचालित दूरसंचार संस्था हो, एनसेल। शुरुमा यसको नाम अरु नै भए पनि पछिल्ला केही वर्षयता यसले नेपालमा राज गर्दै आइरहेको छ, एनसेलको नाउमा । नेपाल दूरसंचार अथवा नेपाल टेलिकमलाई समेत हम्मेहम्मे हुने गरी यसले सेवा दिइ नै रहेको छ । अझैपनि नेपालको कतिपय भूभागमा एनटिसीको राम्रो टावर नभएको स्थानमा यसैले राज गर्दै आइरहेको छ। नेपालमा नेपाल टेलिकमको सिम प्रयोग गर्ने भन्दा एनसेलको सिम प्रयोग गर्ने ग्राहक धेरै बढी छन् । प्रायः ग्राहकहरुले नेपाल टेलिकम र एनसेल दुबैको सेवा प्रयोग गर्दै आइरहेको देखिन्छ। नेपालमा अन्य दूरसंचार संस्थाहरु कम भएकाले पनि एनसेलको लगानी नेपालमा भएको देखिन्छ र यसको कमाइ पनि राम्रो भएको देखिन्छ। यद्यपि बिदेशीको लगानी रहेको एनसेलमा नेपालका राजनीतिक दल मात्रै होइन, कर्मचारीहरुको समेत हात छ। पछिल्लो समय फेरि यसैका विषयमा विवाद भएको छ । राजनीतिक दलदेखि कर्मचारीहरु समेत यसमा मुछिएको कुरा आएको छ। लगानीका सवालमा पनि लगानीकर्ता पछाडि हटेको भन्ने कुरा आएको छ। नेपालीहरुको अर्बौं रुपैया लिएर कम्पनी बाहिरिन पनि खोजेको देखिन्छ। सरकारले केही एक्सन लिन खोजेको जस्तो देखिए पनि प्रश्न सरकारतिर पनि सोझिएको छ। त्यसैले यो प्रकरणमा सबै दलहरुको भूमिका मात्रै होइन धेरै निकायको भूमिका शंकास्पद छ ।

हरेक नेभेषका घटनाहरुको सुक्ष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# बक्यौता रकम...

नै बक्यौता महसुल बुझाउन ताकेता गरिए पनि अपेक्षित असुली हुन नसकेको संस्थाका पदाधिकारी बताउँछन् । पछिल्लो चरणमा कार्यालय व्यवस्थापनले महसुल नबुझाउने उपभोक्ताको धारा काट्नेसम्मका कारबाही सुरु गरिएको छ। केही उद्योगले त पानी चोरेर आफ्ना धन्दा सञ्चालन गरेकासमेत पाइएको समितिले जनाएको छ । पानी सङ्कलन, भण्डारण, पाइप व्यवस्थापन, पानी वितरण र कार्यालय व्यवस्थापनमा मासिक रु १२ लाख बढी खर्च हुन्छ। अहिले रकम अभावले समयमा सरसफाइका काम हुन नसकेर केही पानी ट्याङ्की उपयोगमा आउन नसकेका र विष्ट टोलमुनिको पानीट्याङ्कीमा विद्युतीकरण गर्न नसकिँदा सेवा प्रवाह बढी खर्चिलो भएको संस्थाका अध्यक्ष भुलनसेन ठकुरी बताउनुहुन्छ । "पानीट्याङ्कीमा विद्युत् पुर्‍याउन रु ४० लाख खर्च हुने अनुमान छ, रकम अभावमा विद्युतीकरण गर्न नसक्दा डिजलपम्पबाट पानी तानिँदा प्रतिमहिना रु छ लाख बढी खर्च हुँदैछ", अध्यक्ष ठकुरी भन्नुहुन्छ, "पुरानो बक्यौता नआउँदा संस्था आर्थिक सङ्कट बेहोर्दैछ ।" रकमकै अभावमा विद्युतीकरण हुन सकेको छैन । संस्थाका बर्दिबास नगर पालिका १, २, ३ र १४ का करिब छ हजार उपभोक्ता छन्। यी उपभोक्तालाई स्वच्छ खाने पानीको सुविधा उपलब्ध गराउनु मुख्य जिम्मेवारी रहेको संस्था आर्थिक सङ्कटमा फस्दा गर्नुपर्ने काम प्रभावित हुँदै आएका छन् । आम उपभोक्ताको हितलाई ध्यानमा राख्दै संस्थाको कार्यसमितिले बक्यौता महसुल नबुझाउने हरुको धारा काट्ने निर्णय गरेको अध्यक्ष ठकुरीले पुष्टि गर्नुभयो । "हामी निर्वाचित भएर काम थालेसँगै गत वैशाखमै बक्यौता बुझाउन लिखित ताकेता गरेका छौँ, यसको सुनुवाइ नभएपछि अब धारा काट्ने निर्णय गर्न बाध्य भइयो", अध्यक्ष ठकुरी भन्नुहुन्छ, "यसै क्रममा मिटर चुँडाएर पानी चोरी गर्ने उद्योग विरुद्ध पनि कारबाही गरिन्छ।" प्रत्येक तीन/तीन वर्षमा नयाँ कार्यसमितिको निर्वाचन हुने संस्थामा यसअघिका समितिको कार्यकालका बक्यौता महसुल असुली टाउको दुखाइ बनेको ठकुरी बताउनुहुन्छ । खानेपानी संस्थाले उपभोक्ताबाट न्यूनतम महसुल मासिक रु ८० लिन्छ । यसवापत १० हजार लिटर पानी उपभोक्ताले खपत गर्न सक्छन्। खपत बढे महसुल पनि बढ्दै जान्छ। विगत बक्यौता महसुल असुलउपर गर्न र धारा छेडछाड गर्नेविरुद्ध कारबाही हुने संस्थाका पदाधिकारीले बताउँदै आएका छन्। "हामीले पर्याप्त जनाउ र समय दिन पर्छ, त्यो हामीले गर्दै आएका छौँ, अब कारबाहीको चरण थालिन्छ, कोही कसैको अनुहार हेर्ने प्रश्न नै आउँदैन", अध्यक्ष ठकुरी भन्नुहुन्छ, "संस्थासँगको अटेर सह्य हुँदैन।" संस्थाबाट पाउने सहुलियत सबैले पाउने ठकुरीको भनाइ छ । यसपालि दसैँ, दीपावली र छठपर्व पारेर गत कात्तिक महिनाको महसुल छुट दिइएर बोनसको लाभ दिइएको बताउँदै ठकुरीले न्यूनतम शुल्क लाग्ने १० हजार लिटरको सिलिङ्लाई १५ हजार लिटरमा पुर्‍याइन प्रयत्न गरिएको जानकारी दिनुभयो । "संस्था र समिति उपभोक्ता हितप्रति समर्पित छन्", ठकुरी अपिल गर्दै भन्नुहुन्छ, "सबैले समयमै महसुल बुझाएर संस्था र समितिलाई सहयोग गर्नुहोस् ।"

# अदालतले आंशिक न्याय दियो...

साधारण तारेखमा छाड्दा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको मृत्युको कारण ह्याङ्गिङ (पोसिबल सुसाइड इन नेचर) का आधार बनाइएको थियो । तर आइतीको माइती पक्षले धर्ना जारी राख्यो । जिल्ला सरकारी वकिल कार्यालयले पनि उच्च अदालतको आदेश विरुद्ध पुनरावेदन निवेदन दिएको थियो, जसमा सर्वोच्च अदालतले बुधबार फैसला सुनायो । न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले उच्चको फैसला आंशिक बदर गर्‍यो । मृत्युको कारण ह्याङ्गिङ भन्ने चिकित्सकको राय थप परीक्षणबाट पुष्टि नभएसम्म अकाट्य प्रमाणका रुपमा ग्रहण गर्न नसकिने सर्वोच्चको इजलासको ठहर छ । साथै मेडिकल काउन्सिलले छनबिन गर्दा शव परीक्षण प्रतिवेदनमा पोसिबल सुसाइड इन नेचर भन्नु त्रुटिपूर्ण भएको ठहर गरेको छ। घटनास्थलको मुचुल्कामा मृतकले झुण्डिन टुल, मेच वा अन्य वस्तु प्रयोग गरेको नदेखिएको र आरोपित श्रीमानले पहिल्यैदेखि झगडा हुने गरेको र घटना भएको दिन पनि ३/४ थप्पड हानेको स्वीकार गरेको भन्दै फैसलामा भनिएको छ, 'मृतकको मृत्यु प्रतिवादी मोतीबाबु राहको कर्तव्यबाट भएको रहेछ भनी विश्वास गर्नुपर्ने अवस्था देखिँदा निजलाई मुद्दाको पुर्पक्षका लागि साधारण तारेखमा राख्ने गरी उच्च अदालत जनकपुरबाट २०८०/०६/१८ मा भएको आदेश वेरीतको देखिँदा बदर गरिदिएको छ ।' तर आरतीका ससुरा मदनमोहनलाई थुनामा राख्नुपर्ने सम्मको अवस्था नदेखिएकाले १ लाख धरौटीमा छाड्न आदेश दियो । आरतीका श्रीमानलाई मात्र सर्वोच्चले थुनामा पठाउने आदेश दिएपछि पीडित परिवार न्यायको अनुभूति गरेका छैनन्। त्यसैले धर्ना जारी राखेका छन् । 'हाम्रो माग घटनाको निष्पक्ष छानबिन हुनु पर्‍यो र दोषी सबैलाई कारवाही होस् भन्ने हो' उनले भने । आरतीको घटनामा उच्चस्तरीय छानबिन समिति बनाएर घटनाको निष्पक्ष छानबिन गरिनुपर्ने माग पीडित परिवारको छ । 'सुरुदेखि नै त्रुटिपूर्ण ढंगले अनुन्धान गरेर दोषीलाई उन्मुक्ति दिन खोजिएको छ', आरतीका भाइ प्रेमले भने, 'यसमा उच्चस्तरीय छानबिन समितिबाटै अनुसन्धान हुनुपर्छ भन्ने माग हाम्रो हो ।' पीडित परिवारको आफूमाथि कुटपिट गर्ने धनुषाका तत्कालिन एसपी र डीएसपीलाई निलम्बन गर्नुपर्ने माग राखेका छन्। प्रेमका अनुसार ३२ जेठमा जिल्ला प्रहरी कार्यालय, धनुषाका एसपी विश्वराज खड्का र डीएसपी बेदप्रसाद गौतमले उनीहरुलाई कुटपिट गरेका थिए । 'प्रहरीले बकपत्र गर्न बोलाएर हामीमाथि नै कुटपिट गरे । बहिनी र आमालाई रगत नै आउने गरी कुटपिट गर्‍यो,' उनले भने, 'विभागीय कारवाहीका नाममा एसपीलाई सीआईबीमा सरुवा गरिएको छ। यो त बढुवा भयो। कसरी कारवाही भयो र ?'

**'न्याय नपाएसम्म घर फर्कंदैनौं'**

माइतघर मण्डलामा निषेधज्ञा गरेसँगै आरतीको परिवार १५ दिनदेखि शान्तिवाटिकामा धर्ना दिइरहका छन् । सर्वोच्चको अदालतको आदेश आएको भोलिपल्ट प्रहरीले ठाउँ छोड्न भनेको थियो। पीडित परिवारले भने बलियो अडान लिएको छ, 'आफ्नो मागहरु पूरा नभए धर्ना जारी राख्ने, घर नफर्किने ।' धनुषाबाट लखेटेपछि न्याय खोज्दै माइतीघर आएका र त्यहाँबाट लखेटिएर शान्तिवाटिका आइपुगेको भन्दै आरतीकी आमा निर्मलादेवीले भनिन्, 'अहिले यहाँबाट पनि लखेट्न खोजिदैछ। तर डीएसपी र एसपीलाई निलम्बन गरी घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने माग पूरा नभएसम्म हामी कहीँ जाँदैनौं ।' आरती र मोतीबाबुबीच २९ असार ०७७ मा विवाह भएको थियो। ७ जेठ ०८० मा आरती मृत्यु भएको खबर माइती परिवारले पाए। तर दाइजोको निहुँमा यातना दिएर उनको हत्या गरिएको दाबी पीडित परिवारले गर्दै आएका छन् ।

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरु**

- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

**भंगहा नगरपालिकाको कार्यालय**
**भंगहा, महोत्तरी**

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | घुमफिर तथा मनोरञ्जनको समय छ। | तुला | समयमा सजग नहुँदा महत्त्वाकांक्षी योजना बिग्रन सक्छ। |
| बृष | काममा केही चुनौती देखिनेछन् र सोचेको फाइदा उठाउन समय लाग्नेछ। | वृश्चिक | समयमा होस नपुग्नाले खर्च बढ्नेछ। |
| मिथुन | परिस्थितिवश चिताएको काम रोकिन सक्छ। | धनु | मिहिनेतले आम्दानी बढाउनेछ। |
| कर्कट | नियमित काम सम्पादन भए पनि विशेष योजना अड्किन सक्छ। | मकर | सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ। |
| सिंह | फाइदा भए पनि प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। | कुम्भ | अस्वस्थताले काममा जुट्न नसकिए पनि सहयोगीहरूले साथ दिनेछन्। |
| कन्या | ढिलासुस्तीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ। | मीन | शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# मधेश प्रदेशमा १ लाख ७२ हजार श्रमिक

• टक नेपाल



जनकपुरधाम । मधेशका प्रदेशमा बाल श्रमिकको संख्या पौने दुईलाख रहेको छ । आसमान नेपालले सार्वजनिक गरेको तथ्यांक अनुसार मधेश प्रदेशका जिल्लाहरूमा बाल श्रमिकको संख्या १ लाख ७२ हजार रहेको छ । शुक्रबार जनकपुरधाममा आयो जना गरेको बालश्रमका लागि सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा कूल बाल श्रमिकमध्ये ५ वर्षदेखि १३ वर्ष मुनिका बाल श्रमिकको स¥या १ लाख २७ हजार रहेको आसमान नेपालका बालश्रम हेर्ने शाखाका प्रमुख दिपेन्द्र तिवारीले जानकारी दिए। १७ वर्ष मुनिका बाल श्रमिकको स¥या ४५ हजार रहेको छ । अधिकांश बाल श्रमिक कृषि, घरेलु, सार्वजनिक यातायात, निर्माण कार्य, बालुवा गिट्टी तथा साना होटलमा कार्यरत रहेका छन् । मधेश प्रदेशका जिल्लामा गरिबी, अशिक्षा, पारिवारिक कलह, अभिभावक ऋणमा डुब्नु, जग्गा विहिन हुनु, धेरै बच्चा हुनु, बालविवाह हुनु, अभिभावक विहीन हुनु, जन्म दर्ता नहुनु जस्ता कारणले बालबालिकाहरू श्रम गर्न बाध्य हुनुपरेको आसमानले ३ सय ६४ बाल श्रमिकसँग गरेको परामर्श बैठकबाट खुलेको छ । बाल श्रमिक मध्ये ८८ हजार बालक र ८५ हजार बालिका रहेका छन् । बाल श्रमिक मध्ये ५० हजार ९ सय उच्च जोखिम क्षेत्रमा कार्यरत छन् । कूल बाल श्रमिक मध्ये ९.८ प्रतिशत ग्रामीण क्षेत्रमा र १२.४४ प्रतिशत शहरी क्षेत्रमा रहेको आसमान नेपालले जनाएको छ । प्रदेश सरकारले पनि बालश्रम नियन्त्रणका लागि बालअधिकार ऐन प्रदेश सभामा पेश गरेको छ भने बालअधिकार ऐन २०७७ निर्माण गरेको छ । तर, अहिलेसम्म कार्यान्वयमा छैन ।

# मधेशकी छोरीकी....

पूजा भन्छिन्, 'शिक्षा र खेलमा घरपरिवारले सदैव सहयोग गरिर ह्यो। त्यसकै फलस्वरुप आज म यस उचाइमा पुग्न सफल भएकी छु।' उनी आफूलाई सफल खेलाडी बनाउन बुवाले धेरै मेहनत गरेको बताउँछिन्। 'मलाई क्रिकेटर बनाउन बुवाले धेरै नै मेहनत र परिश्रम गर्नुभएको छ। मेरो सफलताका लागि दिनरात खटिरहनुहुन्थ्यो', पूजा भन्छिन्। लर्गी बुवा इच्छा अनुसार नै आफूले क्रिकेटलाई पेसाका रुपमा अंगालेको पूजा बताउँछिन्। 'म क्रिकेटका माध्यमले आफ्नो बुवाको अधुरो सपना पूरा गर्न सफल भएको छु। मलाई थाहा छ, मेरो घरपरिवारले यहाँसम्म ल्याउनका लागि धेरै नै कठिनाइको सामना गरेको छ', उनी भन्छिन्, 'आर्थिक रुपले विपन्न भएकै कारण बुवाले चाहेर पनि क्रिकेटलाई निरन्तरता दिन सक्नु भएन। उहाँले आफ्नो खेलकुदको सपनालाई बाध्यताले गर्दा बिचमै छोड्नु पऱ्यो। मैले बुवाको अधुरो सपना पूरा गरिदिएको छु ।' उनी बुवाको प्रेरणाकै कारण क्रिकेटमा आकर्षित बताउँछिन्। 'बुवाले सुरुमा क्रिकेटप्रति आकर्षित पार्नुभयो। दिल्लीमा अध्ययनरत रहँदा त्यहाँको विद्यालयको मैदान हुँदै अन्तर्राष्ट्रिय मैदानमा उत्रिनँ पाउँदा धेरै नै खुसी छु', उनी भन्छिन्, 'म बुवा र परिवार को गुण कहिले पनि बिर्सन सक्तिनँ। लर्गी नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशन सिंहको पहलमा राष्ट्रिय टोलीमा सहभागी हुन पाएको पूजाले बताइन्। उनी भन्छिन्, 'भाइ कृष्ण महतोलाई जिल्लास्तरीय यू-१६ प्रतियोगितामा छनोट गराउने क्रममा बुवाको रोशन सरसँग सम्पर्क भएछ । त्यसपछि बुवाले मेरो कुरा पनि गर्नु भएछ। रोशन सरको पहलमा राष्ट्रिय टोलीमा छनोट भएकी हुँ', उनी भन्छिन्, 'राष्ट्रिय टोलीबाट अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउँदा निकै खुसी छु।' यसै वर्ष राष्ट्रिय टोलीमा डेब्यु गरेकी पूजाले मलेसिया र हङकङ सम्मिलित यू-१९ शृंखलामा उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। सानो उमेरमै उनले देश तथा विदेशमा राष्ट्रको नाम उँचो बनाउन सफल भएको भन्दै अहिले गृह जिल्लामा सम्मान थाप्न ब्यस्त छिन्। उनले खेलमैदान व्यवस्थापनका लागि सरोकार वाला निकायसँग क्रिकेटर पूजाले आग्रह गर्दै आएकी छन्। 'खेलमा हारजित भइहाल्छ। देशमा रहेका तीनै तहका सरकारले खेलाडी प्रोत्साहनका लागि भूमिका निर्वाह गर्नु जरुरी छ', उनी भन्छिन्।

# विवाहका लागि वडाको सिफारिस अनिवार्य गर्न माग

• टक नेपाल



काठमाडौं । प्रतिनिधिसभाकी एक सांसदले बिहे गर्नका लागि सम्बन्धित वडाको सिफारिस अनिवार्य गर्न माग गरेकी छन् । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिकी सदस्यसमेत रहेकी सांसद चन्दा चौधरीले यस्तो माग गरेकी हुन्। २० वर्ष नपुगी विवाह गर्न नपाइने कानुन भए पनि कतिपय अभिभावक नै यसप्रति अनभिज्ञ रहेकाले कार्यान्वयनमा समस्या देखिएको उनले औँल्याइन् । बालविवाहका कारण हिंसाका घटना वृद्धिमा सहयोगी बनेकाले वडाको सिफारिसमा मात्र विवाह गर्ने व्यवस्था गरिनुपर्नेमा सांसद चौधरीको जोड छ । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत 'लैंगिक हिंसाको अन्त्य : सुदृढ सेवा र सबल आवाज' विषयक अन्तक्रिया कार्यक्रममा बोल्दै उनले चौधरीले लैंगिक हिंसापीडितले उजुरी गरेर न्यायको प्रक्रियामा लागे पछि पीडकबाट हुने आक्रमण रोक्न आवश्यक व्यवस्था गर्नुपर्ने बताइन् । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी), संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए) र आइपास नेपालले आयोजना गरेको कार्यक्रममा उनले तराईमा दाइजोकै कारण महिलामाथि हिंसा हुने गरेको उल्लेख गरिन्। दाइजो लिएर विवाह गर्नेलाई सामाजिक बहिष्कार गरिनुपर्नेसमेत उनको भनाइ थियो। भाषाकै कारण पनि तराईमा उजुरी नहुने गरेकाले यसका लागि आवश्यक काम गरिनुपर्ने उनको भनाइ थियो। हिंसामा राजनीतिक संरक्षण हुने गरेकाले यसमा ध्यान दिनुपर्नेमा सांसद चौधरीले जोड दिइन् । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपसचिव रोशनीदेवी कार्कीले एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)लाई व्यवस्थित गरी लैंगिक हिंसापीडितलाई न्यायसहित उपचार गर्ने व्यवस्था गरिएको बताइन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव ममता विष्टले लैंगिक हिंसाको परिभाषा नै बुझाउनुपर्ने अवस्था रहेको उल्लेख गरिन्। हिंसा घर, परिवार र समाजमा रहेकाले यसको अन्त्यका लागि सरोकार भएका निकायले एकीकृत प्रयास गर्नुपर्नेमा उनको जोड छ। बाजुराको बडिमालिका नगरपालिकाका उपप्रमुख नन्दाकुमारी थापाले विद्यालय तहमा अध्ययनरत छात्रछात्रामा रुपान्तरण, जोडी संवाद र परिवार संवाद कार्यक्रमले जिल्लामा लैंगिक हिंसाका घटनामा सुधार आएको बताएकी थिइन्। मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले लैंगिक हिंसामा शून्य सहनशीलता र उजुरी गरेर प्रक्रियामा अघि बढेपछि गरिने मेलमिलापबीच एकापसमा नमिलेको विषय भएकाले यसको सुधारमा सरोकार भएका निकायले ध्यान दिनुपर्ने बताए। कार्यक्रममा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रहरी निरीक्षक शारदा थापाले इलाका प्रहरी कार्यालयस्तरसम्म महिला, बालबालिका सेवा केन्द्र स्थापना गरी लैंगिक हिंसाका उजुरीमा काम सुरु गरिएको जानकारी दिइन्। आइपास नेपालकी डा. रोशनी अमात्य, साथी संस्थाकी कार्यकारी निर्देशक शुभेच्छा राणा, वरिष्ठ मनोस्वास्थ्य विशेषज्ञ डा. पशुपति महत, समीक्षक समीर घिमिरेलगायतले लैंगिक हिंसाका घटना न्यूनीकरणमा सरोकार वाला निकायबीच सहकार्य हुनुपर्नेमा जोड दिएका थिए।

# मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना...

समुद्घाटन गरिएको होटल अञ्जनी सुईटमा ३६ वटा लग्जरीयस एसी कोठा, पार्किङ्गको पर्याप्त ठाउँ, टप फ्लोरमा रहेको रेष्टुरेन्ट, लिफ्ट र टप फ्लोर बाट दिन वा रातमा जनकपुरधामको जुन भिउ आउँछ त्यो पर्यटकलाई लो भ्याउने खालको हुने होटल सञ्चालककको दाबी छ । जनकपुरधाम आएका पर्यटकहरुले होटलको टप फ्लोरमा रहेको रेष्टुरेन्टमा मिथिला परिकार लगायतका स्वादका साथै जनकपुरधामको अलौकिक दृश्यावलोकन गर्नसक्ने उनको दावी छ । अन्य ठाउँमा भिउ टावर सरकारले बनाएका छन् तर यो होटल नै भिउ टावर जस्तो भएको उनको भनाइ छ । कार्यक्रममा उर्जा, सिँचाई तथा खाने पानी मन्त्री सिंहासन साह कलवारले मधेश प्रदेशका होटल व्यवसायीहरुलाई सरकारले संरक्षण, सुरक्षाको प्रत्याभूति गराउन सफल भएको दाबी गरे । उनले मधेश प्रदेशका कुनै पनि व्यवसायीले आफूलाई असुरक्षित महसुस नगरेको भन्दै मधेश प्रदेश सरकारको सकारात्मक कामहरुमध्येको एक काम रहेको बताए । सरकारले पर्यटन क्षेत्रलाई व्यवस्थापन गर्न यहाँका व्यवसायीहरुलाई संरक्षण, सुरक्षा दिन कुनै कसर बाँकी नराख्ने प्रतिवद्धतासमेत व्यक्त गरेका थिए । मन्त्री साहले मधेश प्रदेश सरकार मधेश प्रदेशमा पर्यटक भित्र्याउने योजना बनाइ रहेको र विगतका योजनाहरुलाई प्रतिबद्ध भइ कार्यान्वयन गर्न लागिपरेको बताए ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)






हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा

होल बडी चेकअपमा २५% छुट

☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# तराईमा बाक्लो हुस्सुसँगै चिसो बढ्यो

● जनार्जन खत्री



सर्लाही । सर्लाहीसहित तराई क्षेत्रमा दुई दिनदेखि बाक्लो मात्रामा हुस्सु लागेर चिसो स्याँठ चल्दा जनजीवन प्रभावित बनेको छ। यस क्षेत्रमा शुक्रबारबाट चिसो एक्कासि बढेको हो। यहाँ शनिबार पनि बिहानैबाट बाक्लो मात्रामा हुस्सु लागेर शीत झरिरहेको छ। चिसो बढ्दा विपन्न, गरिब, मजदुर र पिछडिएको दलित परिवार प्रभावित हुन थालेका छन् । चिसो छल्न प्रत्येक बस्तीका बासिन्दा आगो बालेर तापिरहेका छन्। तराई मधेसका डोम, मुसहरलगायत अति पिछडिएको दलित तथा विपन्न परिवारमा चिसो छल्न आवश्यक मात्रामा न्यानो कपडा छैन । बसबरिया गाउँपालिका-३, भवानीपुरकी सीतादेवी माझीले न्यानोको अभावमा भवानीपुरको पूरै मुसहर बस्ती प्रभावित भएको गुनासो गर्नुभयो । चिसो छल्न आफूहरू घर-घरमै आगो बालेर तापिरहेको उहाँले जानकारी दिनुभयो । मङ्सिर अन्तिमतिर आएर बाक्लो हुस्सु लागेर चिसो बढ्दा बालबालिका, वृद्ध वृद्धा र शारीरिक रूपमा अशक्त व्यक्ति बढी प्रभावित भएका छन् । चिसो बढ्दा घाँटी, टाउको र छाती दुख्ने, रुघाखोकी लाग्ने जस्ता चिसो जन्य सङ्क्रमणका बिरामी बढेका चिकित्सकले बताएका छन् । प्रादेशिक अस्पताल मलङ्गवाका डाक्टर अविनाश सिंहले चिसो स्याँठ चलेको र बाक्लो हुस्सु लागेको समयमा सकेसम्म घरभित्रै बस्न सुझाव दिनुभएको छ । उहाँले यो समयमा न्यानो कपडा लगाउन, सुरक्षितसँग आगो तापेर बस्न र ताता तथा पोसिला खानेकुरा खान सुझाव दिनुभएको छ। हुस्सु लाग्न सुरु भएसँगै तराई क्षेत्रका किसान दलहन तथा तेलहन बाली र तरकारी खेती प्रभावित हुने भन्दै चिन्तित बनेका छन् । हुस्सु लाग्न थालेपछि गोलभेँडा, आलु, तोरीलगायतका बाली प्रभावित हुने किसानले बताएका छन्। बाक्लो मात्रामा हुस्सु लाग्दा पूर्व-पश्चिम राजमार्ग र अन्य भित्री सडकमा सवारी साधन दिउँसो पनि बत्ती बालेर गुडिरहेका छन् ।

# बक्यौता रकम असुल नहुँदा खानेपानी संस्था सङ्कटमा




● टक नेपाल

महोत्तरी। महोत्तरीको बर्दिबास नगर क्षेत्रका छ हजार बढी उपभोक्तालाई खानेपानी आपूर्ति गर्दै आएको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था आर्थिक सङ्कटमा फस्दैछ। धेरै पानी खपत गर्ने उपभोक्ताले बक्यौता महसुल नबुझाउँदा संस्था आर्थिक सङ्कटमा फस्दै गएको हो । संस्थाको विगत बक्यौता चालु आर्थिक वर्षको गत कात्तिक मसान्तसम्म रु दुई करोड १४ लाख नाघेको छ । संस्थाको अभिलेखअनुसार ५० हजारभन्दा बढी बक्यौता राख्ने उपभोक्ता झण्डै सयको हाराहारीमा पुगेका कोषाध्यक्ष भोजप्रसाद फुँयाल बताउनुहुन्छ। यसरी खानेपानी महसुल तिर्न अटेर गर्ने गृहस्थभन्दा कारोबारी संस्था र व्यापारिक घरानाका उपभोक्ता धेरै रहेका फुँयालले रासससलाई बताउनुभयो । "संस्थामा १२ वर्षदेखि महसुल नबुझाउने पनि रहेछन्", कोषाध्यक्ष फुँयाल भन्नुहुन्छ, "आर्थिकरुपले विपन्न देखिनेले बरु समयमै तिरेका छन्, हुनेखानेले महसुल बुझाउने काममा अटेर देखिएको छ ।" यसरी धेरै बक्यौता महसुल राख्नेमा सातवटा गैरसरकारी संस्था, छ वटा चलेका ठूला होटल, दुईवटा निजी तवरले सञ्चालित अस्पताल, दुईवटा सरकारी कार्यालय, दुईवटा विद्यालय र सम्पन्न घरानाका गनिने व्यापारी रहेका फुँयाल बताउनुहुन्छ । नयाँ कार्यसमिति निर्वाचित भएलगत्तै गत वैशाखदेखि

»» बाँकी पृष्ठ २ मा

# मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना : मुख्यमन्त्री यादव

● टक नेपाल



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन् । मधेश प्रदेश सरकार गठन भएदेखि नै पर्यटकीय स्थलहरुको पहिचान गरी त्यसका लागि विभिन्न योजनाहरु ल्याएको उनले बताए । जनकपुरधामको मुटु बाह्रविघाको छेउमा रहेको अन्जनी सुईट होटलको शुक्रबार समुद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकार गठन भएपछि यहाँ देशी विदेशी पर्यटकको चाप बढेको बताउँदै यहाँ होटल व्यवसायको व्यापक सम्भावना रहेको बताए। जनकपुरधाममा आउने अधिकांश धार्मिक पर्यटक रहेका कारण यहाँको वातावरण समेत सोही अनुरुप हुनुपर्ने उनले भने । यहाँका धर्मशाला र होटलहरु संख्यात्मक रुपमा रहे पनि गुणस्तरीयतामा ध्यान दिनुपर्ने उनले सुझावसमेत दिए। जनकपुर धाममा आउने स्वदेशी तथा विदेशी पर्यटकलाई यहाँ कसरी रोकेर राख्न सकिन्छ त्यसतिर पनि ध्यान दिन उनले व्यवसायीहरुसंग आग्रह गरे । जनकपुर धाममा व्यापक परिवर्तन भएको बताउँदै मुख्यमन्त्री यादवले जनकपुरधामलाई राजधानी बनाउन सभामुखको कुर्सीमा बसेर खेलेको भूमिकालाईसमेत स्मरण गरे। अञ्जनी सुईट पर्यटकलाई मध्यनजर गर्दै स्तरीय होटलको रुपमा थपिएको बताउँदै मुख्यमन्त्री यादवले जनकपुरधाममा यस्ता होटलको आवश्यकता रहेकोसमेत बताए। जानकी मन्दिर, बाह्रविघा जनकपुरधामको धरोहर रहेका कारण यसमा स्थानीय सरकार, प्रदेश सरकार र स्थानीयबासीहरु समेत मिलेर जोगाएर राख्नुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारले जानकी मन्दिरको सौन्दर्यकरण लगायतका यहाँका पोखरी, तलाउहरुको सौन्दर्यकरणका लागि देखाएको तदारुकतामा स्थानीयबासीहरुलाई उत्साहित भएर सहयोग गर्नुपर्ने विचार व्यक्त गरे । प्रदेश सरकारको आर्थिक गतिविधि नभएका कारण व्यवसायीहरुलाई समस्या भएको उनले स्वीकारे । उनले भने-'मधेश प्रदेश सरकारको चालु आर्थिक बर्षको गतिविधि रोकिएका कारण बजारमा व्यवसायीहरुलाई समस्या भएको छ, अब सरकारको कामकारबाही अगाडि बढेपछि व्यवसायीहरुको समस्या समाधान हुनेछ।' मधेश प्रदेशलाई पर्यटकीय दृष्टिकोणले अगाडि बढाउने योजना सरकारको रहेको बताउँदै उनले त्यसको भौतिक संरचनाको रुपमा जनकपुरधाम लगायत यस आसपास क्षेत्रमा होटल व्यवसाय फष्टयाएको बुझ्न आग्रह गरे । जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर, गंगा आरती, विवाह मण्डप, धनुषाधाम, छेउमै रहेको जलेश्वर नाथ, वीरगञ्जको गढीमाइ, सप्तरीको कंकालनी भगवती लगायत दर्जनौ स्थान छन् जसले पर्यटकलाइ लोभ्याउन सक्ने उनको तर्क थियो ।

»» बाँकी पृष्ठ ३ मा

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
HEALTHY LIVING
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com